# नेपाल राष्ट्र बैंकको ५७ औं वार्षिकोत्सवका अवसरमा
# गभर्नर डा. युवराज खतिवडाले दिनुभएको
# वक्तव्यको सारांश

**आदरणीय पूर्व गभर्नरज्यूहरू**
**नेपाल राष्ट्र बैंक संचालक समितिका सदस्यज्यूहरू**
**मेरा सहकर्मी डेपुटी गभर्नरज्यूहरू**
**आमन्त्रित विशिष्ट महानुभावहरू**
**नेपाल राष्ट्र बैंक सम्बद्ध कर्मचारी संघ/संगठनका अध्यक्षज्यूहरू**
**विभिन्न पदक तथा पुरस्कार प्राप्त गर्नु हुने महानुभावहरू**
**नेपाल राष्ट्र बैंकका सम्पूर्ण कर्मचारी साथीहरू**
**पत्रकार मित्रहरू !**

१. नेपाल राष्ट्र बैंक आज २०६९ साल बैशाख १४ गते आफ्नो स्थापनाको ५६ औं वर्ष पूरा गरी ५७ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा म बैंकको उद्देश्य र जिम्मेवारीलाई सशक्त ढंगले अगाडि बढाउन सहयोग गर्ने यस बैकको संचालक समिति लगायत बैंकका सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, बैंकको काम कारवाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नेपाल सरकारको अर्थ मन्त्रालय र अन्य विभिन्न निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु तथा शुभेच्छुकहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

२. चालू आर्थिक वर्षको हालसम्मको अवधिमा अर्थतन्त्रका समष्टिगत परिसूचकहरु सकारात्मक र उत्साहप्रद देखिएका छन् । प्रभावकारी मौद्रिक तथा वित्तीय नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्नमा सहयोग पुगेको छ । वस्तु निर्यातमा सुधार भएको, चालू खाता बचतमा रहेको, शोधनान्तर बचत हालसम्मकै उच्च रहेको, विदेशी मुद्रा संचितिको स्तर उच्च रहेको, मूल्य वृद्धिदर कम हुँदै गएको तथा वित्तीय प्रणालीमा पर्याप्त तरलता रहेको अवस्था छ ।

३. केन्द्रीय तथ्याङ्क विभागको संशोधित अनुमान अनुसार देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आर्थिक वर्ष २०६७/६८ मा आधारभूत मूल्यमा ३.८ प्रतिशत रहेकोमा चालू आर्थिक वर्ष २०६८/६९ मा उक्त आर्थिक वृद्धिदरमा केही सुधार भई कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ४.५६ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ । कृषि तथा पर्यटन, यातायात र संचार, शिक्षा, स्वास्थ्य एवम् सामुदायिक सेवाका क्षेत्रमा देखिएको सुधारका कारण समग्र आर्थिक वृद्धिदरमा यस वर्ष सुधार हुने देखिन्छ ।

४. आर्थिक वर्ष २०६८/६९ को आठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.० प्रतिशत रहेको छ भने थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ६.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यी दरहरु क्रमशः १०.७ प्रतिशत र १२.४ प्रतिशत थिए ।

५. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. २४ अर्ब ६० करोडले बचतमा रहेको छ । राजस्व परिचालनको तुलनामा कुल सरकारी खर्च न्यून रहन गएकोले सरकारी बजेट बचतमा रहेको हो । यस बीच आन्तरिक र बाह्य ऋण समेत परिचालन गरिएको हुँदा यो वर्षको बैशाख पहिलो हप्तासम्ममा करिब रु. ४१ अर्ब सरकारी खातामा बचत छ ।

६. आर्थिक वर्ष २०६८/६९ को आठ महिनासम्ममा मुलुकको समग्र शोधनान्तर स्थिति हालसम्मकै उच्च रु. ७९ अर्ब ९० करोडले बचतमा रहेको छ । विप्रेषण आप्रवाहका साथै सेवा आयमा उल्लेख्य वृद्धि भई चालू खाता सन्तुलन धनात्मक भएको र वित्तीय खातामा समेत सुधार भएकोले वर्तमान स्तरको शोधनान्तर बचत हासिल भएको हो ।

७. आर्थिक वर्ष २०६८/६९ को आठ महिनासम्ममा कुल वस्तु निर्यात १४ प्रतिशतले र कुल वस्तु आयात १६.६ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १७ प्रतिशतले वृद्धि भएको छ ।

८. २०६८ फागुन मसान्तमा कुल विदेशी विनिमय संचिति २०६८ असार मसान्तको तुलनामा ३५.३ प्रतिशतले वृद्धि भई रु. ३६८ अर्ब १० करोड पुगेको छ । विदेशी विनिमय संचितिको वर्तमान स्तरले १० महिनाको वस्तु आयात र ९ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

९. विगतको मौद्रिक सर्भेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको वासलातलाई मात्र समावेश गर्ने गरिएकोमा २०६८ कात्तिक महिनादेखि विकास बैंक तथा वित्त कम्पनीहरु समेत समावेश भएको विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याउन थालिएको छ ।

१०. विस्तृत मौद्रिक सर्वेक्षण अनुसार आर्थिक वर्ष २०६८/६९ को आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १२.२ प्रतिशतले वृद्धि भएको छ भने संकुचित मुद्रा प्रदाय ६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष विस्तृत मुद्रा प्रदाय ५.३ प्रतिशतले मात्र बढेको थियो ।

११. बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन रु. ९४ अर्बले वृद्धि भई २०६८ फागुन मसान्तमा रु. ९१७ अर्ब पुगेको छ भने कर्जा तथा लगानी रु. ७३ अर्बले विस्तार भई रु. ९२८ अर्ब पुगेको छ ।

१२. अब म समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकबाट सम्पन्न गरिएका प्रमुख कार्यहरु तथा वित्तीय क्षेत्रको अवस्थाका बारेमा प्रकाश पार्न चाहन्छु ।

१३. वित्तीय प्रणालीमा केही समय यता देखिएका समस्या समाधान गर्दै समग्र वित्तीय स्थायित्व हासिल गर्न र वित्तीय सेवामा सर्वसाधारणको पहूँच अभिवृद्धि गर्न बैंक इजाजत नीतिमा परिवर्तन गर्ने, वित्तीय संस्थाहरु गाभ्ने/गाभिने कार्यलाई प्रोत्साहन गर्ने, वित्तीय सेवा नपुगेका भौगोलिक क्षेत्रमा शाखा खोल्न प्रोत्साहन दिने तथा उत्पादन क्षेत्रमा बैंकिङ्ग सेवा सुनिश्चित गर्ने जस्ता कदमहरु अघि बढाइएको छ ।

१४. विदेशी विनिमय व्यवस्थापनसंग सम्बन्धित विभिन्न विनियमावलीहरुमा संशोधन गरिएको छ । विदेशी मुद्रा कारोवारको निरीक्षण कार्यलाई थप व्यवस्थित गर्नका लागि निरीक्षण निर्देशिका लागू हुने क्रममा रहेको छ ।

१५. नेपाल सरकारबाट जारी निर्यातमा नगद प्रोत्साहन सम्वन्धी कार्यविधि, २०६८ मा उल्लेख भएका प्रावधानहरु कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाइएको छ । साथै, दैनिक १५ किलोग्राम सुन आयात गर्न सकिने परिमाणलाई वृद्धि गरी २०६९ असार मसान्तसम्मको लागि दैनिक २० किलोग्राम कायम गरिएको छ ।

१६. जलविद्युत उत्पादन तथा प्रसारणसंग सम्बन्धित आयोजनाहरूलाई परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । यसैगरी नेपालमा दर्ता भई नेपालमा विद्युत उत्पादन तथा प्रसारण लाईन निर्माण गर्न इजाजत पाएका कम्पनीहरूले कुनै निश्चित परियोजनाको लागि परिवर्त्य विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सकिने व्यवस्था गरिएको छ ।

१७. नेपाल बैंक लि. को पूँजी योजना तथा कार्यान्वयन तालिकालाई स्वीकृत गरी सोको कार्यान्वयन अघि बढाइएको छ । राष्ट्रिय वाणिज्य बैंक लि. को ऋणात्मक पूँजीकोष सुधारको लागि पूँजी योजना तयार भई छलफलको क्रममा रहेको छ ।

१८. २०६८ फागुन मसान्तमा ३२ वटा वाणिज्य बैंक, ८८ वटा विकास बैंक, ७८ वटा वित्त कम्पनी र २३ वटा “घ” वर्गका लघुवित्त संस्था गरी जम्मा २२१ वटा बैंक तथा वित्तीय संस्थाहरु संचालनमा रहेका छन् । वाणिज्य बैंकका शाखाहरुको संख्या १३०० पुगेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको शाखा संख्या समेत गरी बैंक तथा वित्तीय संस्थाहरुको कुल शाखा संख्या २२६५ पुगेको छ । यसबाट प्रति शाखाले औसतमा ११७६० जनालाई सेवा प्रदान गरेको देखिन्छ ।

१९. बैंक तथा वित्तीय संस्थाहरु एक-अर्कामा गाभ्ने/गाभिने प्रक्रियागत व्यवस्थालाई सरलीकरण गर्ने उद्देश्यले “बैक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८” लागू गरिएको छ । यस पश्चात् हालसम्म तीन जोडी गाभिइसकेका, आठ जोडीले सैद्धान्तिक सहमति लिइसकेका र थप तीन जोडीले गाभिनका लागि आवेदन गरेका छन् ।

२०. तोकिएका दुर्गम जिल्लाहरुमा शाखा खोलेमा शुन्य व्याजदरमा कर्जा उपलव्ध गराउने नीतिगत व्यवस्था बमोजिम समीक्षा अवधिमा वाणिज्य बैंकहरुलाई रु. ८ करोड ५० लाख र विकास बैंकहरुलाई रु. ५ करोड गरी जम्मा रु. १३ करोड ५० लाख कर्जा प्रदान गरिएको छ ।

२१. गुनासो व्यवस्थापन समितिमा समीक्षा अवधिमा परेका ४३ वटा गुनासोहरु मध्ये ३२ वटा गुनासोको सुनुवाइ सम्पन्न भएको छ । साथै, बैंकिङ सेवा उपलब्धताबारे कुनै गुनासो भए सूचित गर्नका लागि यस बैंकमा हटलाइनको व्यवस्था गरिएको छ ।

२२. समीक्षा अवधिमा अन्तिम ऋणदाता सुविधा अन्तर्गत रु. ५० करोड तथा तरलता व्यवस्थापन सम्बन्धी पुनरकर्जा सुविधा अन्तर्गत करिब रु. ६४ करोड कर्जा सुविधा उपलब्ध गराइएकोमा उक्त रकम चुक्ता भइसकेको छ । साथै, २०६७ चैतदेखि २०६८ फागुन मसान्तसम्ममा करिब रु. ८७ करोड साधारण पुनरकर्जा र जलविद्युत परियोजनाहरुको लागि रु. ८४ करोड पुनरकर्जा सुविधा उपलब्ध गराइएको छ ।

२३. व्यक्तिगत आवासीय घर कर्जाको सीमा क्रमशः वृद्धि गरी रु. एक करोडसम्मको घरकर्जालाई रियल स्टेट कर्जाबाट हटाइएको छ भने ऋणीले सम्पूर्ण बक्यौता व्याज भुक्तानी गरेको अवस्थामा २०६९ असार मसान्तसम्मको लागि कर्जा नवीकरण गर्न सक्ने व्यवस्था गरिएको छ । यसैगरी शेयर धितो कर्जालाई सहज बनाइएको छ । घरजग्गा तथा रियलस्टेट क्षेत्रमा प्रवाहित कर्जालाई तोकिएको सीमाभित्र ल्याउनुपर्ने अवधि थप गरी २०७० असार मसान्त कायम गरिएको छ ।

२४. "क" वर्गका बैंकहरुले कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्यूनतम १० प्रतिशत कर्जा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२५. उत्पादनशील र खासगरी कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ पर्याप्त लगानी सुनिश्चित गर्न हाल तोकिएका उत्पादनशील क्षेत्रमा तीन वर्षभित्र औसत कर्जा लगानी Industry Average को २० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ ।

२६. राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार वा यस्तै अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरु सन्तोषजनक रहेको अवस्थामा त्यस्ता परियोजनाहरुको कर्जा पुनर्तालिकीकरण/पुनर्संरचना गर्न सकिने व्यवस्था गरिएको छ ।

२७. विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सीमामा ०.५ प्रतिशत विन्दुले बढाइएको छ । विपन्न वर्ग कर्जाको परिभाषा परिमार्जन गरिएको छ ।

२८. अनिवार्य नगद मौज्दात ५.५ प्रतिशतबाट घटाएर ५.० प्रतिशत कायम गरिएको छ । वित्तीय सेवाको पहुँच कम भएका ९ जिल्लामा "घ" वर्गका वित्तीय संस्थाले शाखा संचालन गरेमा प्रति शाखा रु. १५ लाख शुन्य व्याजदरमा कर्जासुविधा उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

२९. प्राकृतिक व्यक्तिको नाममा बचत तथा मुद्दती खातामा रहेको रु. २ लाखसम्मको निक्षेप सुरक्षण गराउनु पर्ने व्यवस्था अनुसार १९३ वटा बैंक तथा वित्तीय संस्थाहरुमा रहेका ६९ लाख निक्षेप खाताको रु. १९४ अर्बको निक्षेप रकम सुरक्षण भइसकेको छ ।

३०. २५ मेगावाटसम्मको जलविद्युत उत्पादन परियोजनामा भएको कर्जा लगानीमा पुनरकर्जा सुविधा उपलव्ध गराउने र सो रकम कर्जा-निक्षेप अनुपात गणना प्रयोजनको लागि कर्जा सापटबाट घटाउन सकिने व्यवस्था गरिएको छ । यसैगरी, कृषि क्षेत्रमा भएको कर्जा लगानीमा समेत पुनरकर्जा सुविधा उपलव्ध गराउन सकिने व्यवस्था गरिएको छ ।

३१. जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू गर्दै लैजानको लागि आवश्यक नीतिगत कार्यहरु अगाडि बढाइएको छ । यस कार्यको लागि अन्तर्राष्ट्रिय मुद्राकोषको प्राविधिक सहयोगमा आवश्यक तयारी कार्य भैरहेको छ ।

३२. वाणिज्य बैंकहरुलाई थप जोखिम संवेदनशील भई बैंकिङ कारोवार संचालन गर्नका लागि जोखिम व्यवस्थापन मार्गदर्शन (Risk Management Guidelines) जारी गरी गत वर्षदेखि लागू गरिसकिएको छ । बैंकहरुको दबाब परीक्षण (Stress Testing) को लागि Stress Testing Guideline तयार गरी जारी

गरिसकिएको छ । यस आर्थिक वर्षभित्र Problem Bank Resolution Operational Manual and Toolkit तयार गरिने कार्यक्रम रहेको छ ।

३३. मिति २०६८/८/१ गते देखि “ख” वर्गका विकास बैंक मात्र हेर्ने गरी विकास बैंक सुपरिवेक्षण विभाग तथा “ग” वर्गको वित्तीय संस्था (वित्त कम्पनी) मात्र हेर्ने गरी वित्त कम्पनी सुपरिवेक्षण विभागको स्थापना गरी कार्य आरम्भ गरिएको छ ।

३४. राष्ट्रिय स्तरका विकास बैंकहरुलाई BASEL II को Framework भित्र ल्याउने तयारीको क्रममा आर्थिक वर्ष २०६७/६८ देखि छुट्टै इकाईबाट अनुगमन कार्य प्रारम्भ गरिएको छ । समस्याग्रस्त विकास बैंकहरुको नियमितरुपमा अनुगमन र वित्तीय अवस्थाको सुक्ष्म अध्ययन गर्न Problem Resolution Desk खडा गरी अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको छ ।

३५. गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. लाई समस्याग्रस्त विकास बैंक घोषणा गरिएकोमा सो व्यवस्था यथावत नै रहेको छ । भिवोर विकास बैंक लि. लाई अर्को निर्णय नहुँदासम्मका लागि थप कर्जा प्रवाह गर्न रोक लगाइएको छ । युनाईटेड बिकास बैंक लि. लाई खारेजी प्रक्रियामा लगिएको छ ।

३६. क्यापिटल मर्चेण्ट बैंकिङ एण्ड फाइनान्स लि. लाई सुधार गर्न आवश्यक कारबाही अघि बढाइएको छ । नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि. लाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सुधारका लागि विभिन्न निर्देशनहरु दिइएको छ ।

३७. पिपल्स फाइनान्स लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष, संचालकहरु, महाप्रवन्धक लगायतलाई आवश्यक कानूनी कारवाही गरिएको छ भने सम्झना फाइनान्स कम्पनी लि. लाई खारेज गर्ने प्रक्रिया अघि बढिरहेको छ ।

३८. सफा नोट नीति क्रमशः कार्यान्वयनमा ल्याइएको छ जसबाट झुत्रा-मैला नोटहरु चलनचल्तीमा रहने क्रम घटेको छ । सफा नोट प्रचलनमा ल्याउन सर्वसाधारण लगायत सरोकारवालाहरुलाई समेत जानकारी गराउने उद्देश्यले निर्माण गरिएको सन्देशमूलक "सन्देश" नामको टेलिसिरियल नेपाल टेलिभिजनवाट प्रशारण गरिएको छ ।

३९. देशभरी सहज रुपमा मुद्रा आपूर्ति सुनिश्चित गर्न आर्थिक वर्ष २०६४/६५ देखि कम्तीमा ३ वर्षका लागि धान्ने गरी आपूर्ति व्यवस्था मिलाउने नीति अनुरुप मुद्रा छपाउने कार्य अघि बढाइएको छ । २०६७ चैतदेखि २०६८ फागुन मसान्तसम्ममा रु. ७६ अर्ब ३९ करोड २० लाख बराबरको ४१ करोड १२ लाख थान मुद्रा छपाई भई यस बैंकमा भित्रिएको छ ।

४०. बैंकमा २०६८ साल फागुन मसान्तमा अधिकृत स्तरका ७८७, सहायक स्तरका ४७४ जना र श्रेणी विहीन कार्यालय सहयोगी स्तरमा १३७ गरी जम्मा १३९८ जना कर्मचारीहरु कार्यरत रहेका छन् । २०६८ सालको लागि स्वीकृत दरबन्दीको आधारमा पदपूर्ति गरिने विभिन्न स्तरका रिक्त पदहरु पूर्ति गरिसकिएको छ । यस अवधिमा अधिकृत तृतीय श्रेणीमा १८ र काठमाडौं उपत्यका बाहिरका कार्यालयहरुका लागि सहायक द्वितीय श्रेणीमा ४५ गरी जम्मा ६३ जना कर्मचारीलाई खुला प्रतिस्पर्धाबाट बैंकमा भर्ना गरिएको छ ।

४१. The SEACEN Centre सँगको सहकार्यमा नोभेम्बर २०११ मा 5th SEACEN-CeMCoA/BoJ Intermediate Course on Macroeconomic and Monetary Policy Management विषयक कार्यक्रम काठमाडौंमा आयोजना गरिएको छ । त्यसैगरी The SEACEN Centre, Toronto Centre र यस बैंकको संयुक्त आयोजनामा २०१२ मार्चमा Risk Based Supervision सम्बन्धी अन्तर्राष्ट्रिय तालिम सम्पन्न गरिएको छ । उक्त तालिमहरुमा बैंकका तर्फबाट उच्च सहभागिता रहेको थियो ।

४२. आर्थिक वृद्धि तथा गरिबी निवारणमा वित्तीय क्षेत्रको भूमिका विषयमा केन्द्रित रही यस बैंकले पहिलोपटक यही बैशाख ८ गतेदेखि १० गते (२०-२२ अप्रिल २०१२) सम्म ३-दिने International Conference on Economics and Finance विषयक कार्यक्रम संचालन गरेको छ । उक्त कार्यक्रममा स्वदेशी तथा विदेशी वार्ताकारहरुबाट वित्तीय क्षेत्र, आर्थिक वृद्धि, गरिबी निवारण, समष्टिगत आर्थिक नीति आदि विभिन्न विषयमा जम्मा ६२ वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो ।

४३. ग्राहक पहिचान सम्बन्धी विद्यमान व्यवस्थालाई संशोधन गरी संशोधित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था लागू गरिएको छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को पहिलो संशोधनको मस्यौदा विधेयक पारित भई मिति २०६८ जेठदेखि लागू भएको छ । त्यस्तै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी पञ्चवर्षीय रणनीतिक योजना (२०६८-७३) नेपाल सरकारद्वारा स्वीकृत भई लागू भएको छ ।

४४. यस आर्थिक वर्षमा UN International Convention for the Suppression of the Financing of Terrorism 1999, UN Convention against Transnational Organized Crime, 2000 र UN Convention against Corruption, 2003 जस्ता महत्वपूर्ण महासन्धीहरु संसदबाट पारित भएका छन् । त्यस्तै, IMF को प्राविधिक सहयोगमा FIU Procedural Mannual तयार गरी शंकास्पद कारोवारको विश्लेषण गर्ने कार्य भइरहेको छ ।

४५. बैंकको कामकारवाहीलाई योजनाबद्ध ढंगमा अघि बढाउन दोस्रो रणनीतिक योजना (२०१२-२०१६) कार्यान्वयनमा ल्याइएको छ । उक्त रणनीतिक योजनाले नेपाल राष्ट्र बैंकलाई एउटा आधुनिक, गतिशिल, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रुपमा स्थापित गरी सुदृढ एवम् प्रभावकारी मौद्रिक, विदेशी विनिमय तथा वित्तीय क्षेत्र नीतिको माध्यमबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने लक्ष्य राखेको छ ।

४६. यस बैंकको लेखा प्रणालीलाई पूर्ण रुपमा यान्त्रिकीकरण गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा IFRS Standard को तुल्याउनको लागि जनरल लेजर (जी.एल.) प्रोजेक्ट कार्यान्वयन भइरहेको छ । भुक्तानी प्रणालीलाई बढी गतिशील बनाउन र अझ छिटोछरितो रुपमा भुक्तानीको हिसाव मिलान कार्य गर्न Nepal Cheque Clearing House Limited मार्फत् स्वचालित समाशोधन कार्य शुरु भइसकेको छ ।

४७. उपभोक्ता मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्न पाँचौं पारिवारिक बजेट सर्वेक्षणको कार्य शुरु गरिएको छ ।

४८. समग्रमा, यस आर्थिक वर्षको आठ महिनासम्म यस बैंकद्वारा जारी गरिएको मौद्रिक नीति तथा वित्तीय क्षेत्र सम्बन्धी नीति एवम् कार्यक्रमहरुको कार्यान्वयनबाट हालसम्म देखिएको परिणाम अनुसार समग्रमा उक्त नीति तथा कार्यक्रमहरु सही दिशामा रहेको पुष्टि भएको छ । मुलुकको वित्तीय प्रणाली स्थायित्वतर्फ उन्मुख भएको छ भने समष्टिगत आर्थिक परिसूचकहरु सहज अवस्थामा आइपुगेका छन् । यसले दीगो र उच्च आर्थिक वृद्धिका लागि अनुकूल वातावरण सिर्जना गरेको छ ।

४९. शान्ति र संविधानको लक्ष्य प्राप्तीको समय-सीमा नजिकिँदै गएको सन्दर्भमा चाँडै नै मुलुकमा विद्यमान राजनीतिक संक्रमणकाल समाप्त भई लगानीको वातावरणमा अपेक्षित सुधार आउने र मुलुकको आर्थिक वृद्धि, रोजगारी सृजना र गरिबी निवारणको लक्ष्यले प्राथमिकता पाउने अपेक्षा गर्न सकिन्छ । प्रभावकारी मौद्रिक तथा वित्तीय क्षेत्र नीतिहरूको कार्यान्वयनबाट आर्थिक एवम् वित्तीय क्षेत्रको स्थायित्व कायम गरी आर्थिक वृद्धिको लागि अनुकूल वातावरण श्रृजना गर्ने कार्यमा बैंक दृढताका साथ अघि बढ्ने छ ।

५०. अन्त्यमा, यस बैंकमा २० वर्षको सेवा अवधि पूरा गरी आज २० वर्षे सेवा पदक पाउनु हुने सम्पूर्ण सहकर्मीहरुमा म हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । त्यसैगरी, नेपाल राष्ट्र बैंकको सेवाबाट यस वर्ष अवकाश पाउनु भएका कर्मचारी मित्रहरुको योगदानको निमित्त धन्यवाद दिँदै उहाँहरुको सुखी जीवनको लागि शुभकामना व्यक्त गर्न चाहन्छु । साथै, नेपाल राष्ट्र बैंकको कामकारवाहीमा विभिन्न तवरले सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरु, निजी क्षेत्रका संघ-संस्थाहरू, प्रबुद्ध वर्ग, दातृ निकाय लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थाहरू र जनसाधारणलाई यस अवसरमा म धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि बैंकलाई यस प्रकारको सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

१४ वैशाख २०६९